# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन २० गते २०१५ साल

### नेपाल लोक सेवा आयोग विज्ञापन नं. ४८।५४.

स्वास्थ्य सेवा अन्तर्गत पाल्पा अस्पताललाई १ र स्वास्थ्य सेवाबाट खटाएको ठाउँमा गई काम गर्ने १ समेत जम्मा २ जवान डाक्टर चाहिएकोमा २०१५ भाद्र २२ गते रोज १ सम्ममा दरखास्त दिने अवधि दिई विज्ञापन नं. ४८ प्रकाशित भएकोमा कसैको दरखास्त पनि नआएकोले फेरि यो विज्ञापन प्रकाशित गरिएको छ। योग्य उम्मेदवारहरूले प.स.क. दरखास्त फाराम नं. १. (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी फी दस्तूर नगद ने.रू. ३। सहित २०१५ साल कार्तिक २८ गते रोज ५ सम्ममा तलको ठेगानामा पुग्न गरी दरखास्त गर्नुहोला। तोकिएको न्यूनतम योग्यता पुगका उम्मेदवारहरूको अन्तर्वार्ता २०१५ साल मार्ग ४ गतेका दिन २ बजे हुने भएकोले उम्मेदवारहरू से दिन समयमा आफूले पाएका सक्कल प्रमाणपत्र लिई यस आयोगमा उपस्थित हुनुपर्दछ। फी दस्तूर नभएका र म्याद नाघी दाखिल भएका दरखास्त उपर कुनै विचार हुने छैन।

पदको विवरण यसप्रकार छ :—

१. पद:—डाक्टर, ग्याजेटेड स्थायी तथा पेन्सन पाइने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आवश्यक न्यूनतम योग्यताः—एम. बी. बी. एस.
३. मासिक तलब र भत्ताः—तलब रू १८० महंगो भत्ता रू २०।
४. उमेरः-सरकारी पदमा बहाल नभएका उम्मेद्वार २१ वर्ष मनि र ३५ वर्ष नाघेको हुनु हुँदैन।
५. विशेष सुविधाः-सरकारी क्वार्टर पाइने।

आज्ञाले—
खड्गमान मल्ल
सचिव-लोकसेवा आयोग
सिंहदरबार काठमाडौं, नेपाल।

## नेपाल लोक सेवा आयोग विज्ञापन नं ५५

स्वास्थ्यमन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा मातहत भैरहवा अस्पताललाई एक डाक्टर चाहिएको छ। योग्य उम्मेद्वारहरूले प.स.क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी फी दस्तूर ने रू ३ सहित २०१५ साल कार्तिक २८ गते। रोज ४ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नु होला। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेद्वारहरूको अन्तर्वार्ता २०१५ साल मार्ग ४ गते रोज ४ का दिन १ बजे हुने भएकोले उम्मेद्वारहरू सो दिन समयमा आफूले पाएको सक्कल प्रमाणपत्र लिई यस आयोगमा उपस्थित हुनुपर्दछ। फी दस्तूर नभएको र म्याद नाघी दाखिल भएका दरखास्तउपर कुनै विचार हुनेछैन। दरखास्त फारमको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा र गोस्वाराहरूमा पाइन्छ।

पदको विवरण यस प्रकार छः—

१. पदः—डाक्टर ग्याजेटेड स्थायी तथा पेन्सनपाइने।
२. आवश्यक न्यूनतम योग्यताः— एम. बी. बी. एस.।
३. मासिक तलबको स्केल र भत्ताः- ने. रू १८०। र महंगी भत्ता ने. रू. २०
४. विशेष सुविधाः सरकारी घर पाइने।

आज्ञाले—
खड्गमान मल्ल,
सचिव-लोकसेवा आयोग
सिंहदरबार काठमाडौं नेपाल

५६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल लोक सेवा आयोग विज्ञापन नं. ५६.

नहरविभाग अन्तर्गतका अड्डामा योजना कार्यान्वित हुने ठाउँमा काम गन नहरविभागलाई असिस्टेन्ट इन्जिनियर २ ओभरसियर १ र ड्राफ्टसम्यान १ चाहिएका छन। योग्य उम्मेदवारहरूले प. स. क. फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी तोकिएको फी दस्तूरसहित २०१५ साल कार्तिक १२ गते रोज ३ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नु होला। छानवीनको कारवाई चाँडो हुने हुनाले उपत्यका बाहिरका उम्मेदवारहरूले दरखास्त दिने म्याद पछि कार्तिक १७ गते सम्ममा यस आयोगसित संपर्क राख्नु होला। फी दस्तूर नभएका र म्याद नाघी दाखिल भएका दरखास्तउपर कुनै विचार हुने छैन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक गढी गौंडा र गोस्वाराहरूमा पनि पाइन्छ।

पदका विवरण यस प्रकार छन:—

(क) असिस्टेन्ट इन्जिनियर दुइ

१. पद:—ग्याजेटेड स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यता:- स्वीकृत विश्वविद्यालयबाट सिभिल इन्जिनियरिंग डिग्रीप्राप्त।

३. वाँछनीय योग्यता:- सिंचाइ विषयमा विशेष अध्ययन र अनुभव प्राप्त व्यक्तिलाई प्राथमिकता दिइने छ।

४. मासिक तलबको स्केल र भत्ता:- तलब ने.रु. १८०।,३६०। महंगी भत्ता ने.रू. २०। समेत जम्मा ने.रू २००

५. अभ्यास अवधि:- ६ महीना।

(ख) ओभरसियर एक

१. पद. :- नन् ग्याजेटेड, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यता:- स्वीकृत विश्वविद्यालयबाट सिभिल इन्जिनियरिंगमा डिप्लोमा प्राप्त।

३. वाँछनीय योग्यता :- सिंचाइको काममा अनुभव प्राप्त व्यक्तिलाई प्राथमिकता दिइने छ।

४. मासिक तलबको स्केल र भत्ता :-तलब ने.रू १४०। महंगी भत्ता ने.रू. २०। समेत जम्मा १६०।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. अभ्यास अवधि :- ६ महीना।

(ग) ड्राफ्टसम्यान एक

१. पद:- नन् ग्याजेटेड; स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यता:- ड्राफ्टसम्यानसिपको सर्टिफिकेट प्राप्त।

३. वाञ्छनीय योग्यता:- फोटो फ्रिमा प्रवीण र सिंचाइ विषयको नाप नक्साको अध्ययन तथा सिंचाइको काममा अनुभव प्राप्त व्यक्तिलाई प्र.ह्यता दिइने छ।

४. मासिक तलबको स्केल र भत्ता:- तलब ने.रू. १४० । र महंगी भत्ता ने.रू. २०। समेत सम्मा १६०।

आज्ञाले —
खड्गमान मल्ल,
सचिव-लोकसेवा आयोग
सिंहदरबार काठमाडौं नेपाल

## नेपाल लोक सेवा आयोग विज्ञापन नं. ५८

२०११ साल आषाढ महीनामा प्रकाशित विज्ञापन नं. ३७ र पछि पनि बराबर यसमा थप हुने गरी श्रावण महीनामा प्रकाशित सूचना नं. १३ बमोजिम विज्ञापन भइ उम्मेदवारहरूको नवीन हुंदा चाहिए जति दो. द. का कारिन्दा पद पूर्ति हुन नसकेकोले विभिन्न मन्त्रालय, विभाग र अड्डाहरूका निमित्त चाहिने पदहरूका निमित्त फेरि यो विज्ञापन गरिएको छ। मन्त्रालय, विभाग तथा अड्डाहरूबाट माग भए अनुसार यही परीक्षाको फलबाट उम्मेदवारहरू सिफारिश हुने हुंदा इच्छुक उम्मेदवारहरूले प.स.क. दरखास्त फाराम नं १. (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी २०१५ साल कार्तिक २० गते रोज ४ सम्ममा तलको ठेगानामा पुग्नेगरी फी दस्तूर नगद ने. रू. १. सहित दरखास्त गर्नु होला। फी दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्तउपर कुनै विचार हुने छैन। दरखास्त फारामको नमुना प्रत्येक नेपाली हुलाक गढी गौंडा र गोस्वाराहरूमा पनि पाइन्छ।

पदको विवरण यस प्रकार छ :--

१. पद:- दो.द. कारिन्दा, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यता:- निजामती मध्यम परीक्षा वा देन श्रेस्ता लिई एस.एल. सी. पास

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०१४ साल वैशाख एटक देखि यता निजामती मध्यम परीक्षा नभएकोले सो परी क्षा दिन नपाएका इच्छुक उम्मे-दवारहरूले पनि मौका पाउन् भन्नाका खातिर निजामती मध्यम परीक्षा खुलेको दुइ एटक भित्रमा सो परी-क्षामा पास नभए आपसेआप बर्खास्त हुने शर्तमा एस.एल.सी. वा सो सरह पास।

३. मासिक तलब र भत्ता :–तलब ने.रू. ३५ महंगी भत्ता ने.रू. १०।

सो पदको लिखित परीक्षा आगामी मार्ग २ गते रोज २ देखि हुने छ। सो परीक्षामा सम्मिलित हुन पाउने न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूको नामावल र परीक्षाको कार्यक्रम तथा परीक्षा हुने स्थान २०१५ साल कार्तिक २६ गते रोज ६ का दिन ३ बजे लोकसेवा आयोगको नोटिस बोर्डमा टाँगिने छ। परीक्षाका लागि तपसीलका विषयहरू रहनेछन्।

तपसील

प्रथमपत्र :- हिसाब, ऐन र श्रेस्ता :- निजामती मध्यम परीक्षाको पाठ्य-क्रमबमोजिम।

द्वितीयपत्रः- नेपालको इतिहास र भूगोल :- इतिहासमा श्री ५ बडा महाराज पृथ्वी नारायण शाहदेखि श्री ५ महाराजा त्रिभुवन वीरविक्रमशाह सम्म।

तृतीयपत्र : निबन्ध, मजबून र साधारण ज्ञान :-

आज्ञाले-
सचिव- खड्गमान मल्ल
लोकसेवा आयोग
सिंहदरबार काठमाडौं नेपाल

गोरखापत्र छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।